गौरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# Gauriganga Municipality

**Office of the Municipal Executive**

Chaumala, Kailali

Sudoorpaschim Province, Nepal

# BIDDING DOCUMENT

## प्राकृतिक श्रोत (ढुंगा,गिट्टी,बालुवा,ग्राभेल,भरान) ठेक्कामा दिने सम्बन्धि सूचना

**Notice No. : GGM/GOODS/NCB/01/2079/080**

नदि/खोलाको नामः

१. चौमाला नदि

२. गौरीगंगा नदि

३. शिवगंगा नदि

४. लिक्मा नदि

५. कान्द्रा नदि

**Issued By:**
Gauriganga Municipality
Office of the Municipal Executive
Chaumala, Kailali
SudurPaschim Province, Nepal
Tel No.091-418060

गौरीगङ्गा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८०

च.नं. :-

**ढुङ्गा, गिट्टी,वालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्वन्धी सूचना (GGM/GOODS/NCB/01/2079/080)**

**पुनः प्रकाशित मिति २०७९/०७/१९**

यस नगरपालिका वाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६२ (क) को उपदफा (१) र सुदुरपस्चिम प्रदेश आर्थिक ऐन २०७८ अनुसार यस नगर क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदीखोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल, भरानमाटो आदि कूल सङ्कलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा प्रति घन मिटर रु.१०६। (भ्याटबाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृदी कर दर्ता प्रमाणपत्र, ०७८-७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संग्लग्न गरि तपसिल बमोजिमका सर्त हरुको अधिनमा रही बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ।साथै टेण्डर खरिद गर्दा गौरीगङ्गा नगरपालिकाको नाममा रहेको एन आई सी एशिया बैंक लि.,चौमाला शाखामा रहेको राजस्व खाता नं. ०७१-२०५००-२८०६-२००२ मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेबसाइट www.gaurigangamun.gov.np मा गई Tender Document हेर्न तथा डाउनलोड गर्न सकिनेछ। ठेक्का लिन ईच्छुक व्यक्तिले भ्याट बाहेक कवुल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ।धरौटी वापतको रकम यस गौरीगङ्गानगरपालिका, कार्यालयको नाममा एन.आई.सी.एशिया बैंक लि., चौमाला शाखामा रहेको धरौटी खाता नं. ७१CA५००९८२५२४००४ मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२०(एकसयबीस) दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ।नदीजन्य सामग्री सङ्कलन तोकिएका नदीबाट ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) बिक्रिकर संकलन ठेक्का अवधी ठेक्का सम्झौता गरेको मिति देखि २०८० जेष्ठ मसान्त सम्मको लागि (चुरे संरक्षित क्षेत्रबाहेक) मात्र लागु हुनेछ।

**तपसिल**

| ठेक्का नं. | नदी / खोलाको विवरण | कुल मात्रा घ.मि | न्यूनतम ठेक्का अङ्क रु.मा (भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर (रु.) | सूचनाको अवधि |
|---|---|---|---|---|---|
| GGM/GOODS/NCB/01/2079/80 | गौरीगंगा,चौमाला, शिवगंगा,कान्द्रा, लिक्मा (सेती, मटकौना) | ११७०००/- | ने.रु. १,२४,०२,०००/- | रु. ५०००।- | प्रकाशित भएको मितिले १६औ दिन |

हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

## शर्तहरु

१. नगरपालिकावाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण **IEE** मा तोकिएका घाट गद्दी स्थलहरुबाट मात्र नदिजन्य पदार्थ संकलन/उत्खनन् गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले खरिद भएका वोलपत्रहरु १६ औं दिन अपराह्न १२.०० बजे सम्म गौरीगंगा नगरकार्यपालिकाको कार्यालय चौमाला, कैलालीमा दर्ता गर्न सकिनेछ र वोलपत्र दर्ता भएको दिनको १.०० बजे खोलिने छ ।

३. ठेक्का लिन ईच्छुक व्यक्तीले कवुल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वाफतको रकम यस गौरीगंगा नगरकार्यपालिकाको कार्यालयको नाममा एन.आई.सी.वैक लि. चौमाला शाखामा रहेको धरौटी खाता नं. **71CA500982524004** मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैकले जारी गरेको १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

४. कवुल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. वोलपत्र खरिद / दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट तोकिएकै समयमा खरिद / दाखिला गर्न सकिनेछ ।

८. रित पूर्वक दाखिला भएका वोलपत्रहरुमध्ये घटी वा बढी वालाको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना शंसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको वोलपत्र स्वीकार्य हुने छैन ।

९. ठेक्का कवुल अंकको रकम ठेकेदारले स्थानिय तह बिभाज्य कोष खाताकोखाता न ७१CA-१५००-९८२५२४-०६ मा बुझाउनु पर्नेछ । एकमुस्ट रकम बुझाउन नसकिने र किस्ताबन्दीमा बुझाउनु पर्ने अवस्था रहेमा पहिलो किस्ता सम्झौता गर्दाको वखत, दोस्रो किस्ता फाल्गुन मसान्त र अन्तिम किस्ता बैशाख मसान्तसम्म बुझाईसक्नु पर्नेछ । किस्ता वन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी दुई किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैकको २०८० साल श्रावन मसान्तसम्म मान्य अवधि भएको बैक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३३% ले हुनाउने रकम |
| दोश्रो | २०७९साल माघ मसान्त | कबोल अंकको ३४% ले हुनाउने रकम |
| तेश्रो | २०८० साल बैशाख मसान्तसम्म | कबोल अंकको ३३% ले हुनाउने रकम |

१०. ठेक्का कवोल गर्ने व्यक्ती, फर्म, संस्था वा कम्पनीले सम्झौतागर्दा को बखत कुल सम्झौता रकमको ३३% ले हुन आउने रकमको १३ प्रतिशत मु.अ.कर अनिवार्य दाखिला गर्नुपर्नेछ। यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । उक्त प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलव्ध नगराएमा नियमानुसार कारवाही अगाडी बढाईनेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ। कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१२. ठेकेदारले सम्झौतापत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए वमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा वढी माल वस्तु वा दररेटमा उठाउन पाईनेछैन । पट्टा पुर्जिमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

१३. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने बाँकी वक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

गौरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

१४. नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुखवाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ ।अनुगमनको बखत प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरु भेटिएमा कानुन अनुसार कारवाही हुनेछ।अनुगमन गर्ने क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिम उत्खनन योग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाइएमा अनुगमन समितिले उत्खनन कार्य बन्द गर्न निर्देशन दिन सक्नेछ।सो अवस्थामा ठेक्का अवधि बाकि रहे पनि उत्खनन/संकलन कार्य तुरुन्त बन्द गर्नुपर्ने छ। नगरपालिका कार्यालयमा पुरानो अर्धकट्टी बुझाएर मात्र नया ठेली वितरण गरिने छ।

१५. नेपाल सरकार/प्रदेश सरकार वा अदालतको आदेश/फैसलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था वाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई वुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन र सम्झौतामा तोकेको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।ठेकदारले सम्पूर्ण परिस्थिति बुझेर मात्र रकम कबोल गर्नुपर्दछ र ठेकदारले कबोल गरेको रकम सम्झौताको बखत कुनै पनि कारण देखाई छुट दाबी गर्न पाउने छैन ।

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

१७. ठेकेदारले नगरपालिकाको राजस्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नु पर्ने छ र राजस्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१८. ठेकेदारले ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भएमा सो विवाद सरकारी राजस्व संकलन गर्ने नगरपालिकाको सरकारी प्रतिनिधिका हैसियतले आफै मिलाउनु पर्नेछ ।

१९. नगरपालिकासंग ठेक्का सम्झौता गरेका ठेकेदारले चुरे संरक्षित क्षेत्र र **IEE** नभएको स्थानवाट ढुंगा,गिट्टी,वालुवा र ग्राभेल संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय ( सुरक्षा तथा वन कार्यालय) हरुको सहयोग लिई अवश्यक कारवाही गर्नुपर्नेछ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

२०.ढुंगा,गिट्टी,वालुवा,ग्राभेल झिक्नु पर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने वाटो वनाउन तथा वाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फवाट गर्नुपर्नेछ।ढुंगा,गिट्टी,वालुवा,ग्राभेल लिन कुनै व्यक्ती वा निकायको निजी जग्गा वा वनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित व्यक्ती वा निकायको स्वीकृती लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

२१. नदीको किनारवाट भू–क्षय हुनेगरी डिल, भिर, भित्तो खनन् खोरस गरी ढुंगा,गिट्टी,वालुवा,ग्राभेल निकाल्न रोक लगाउनु पर्नेछ ।त्यसरी निकालेको पाइएमा उक्तकार्य गर्ने ढुवानी साधनहरुलाई सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गर्नुपर्नेछ ।

२२. राजमार्ग र पुलको उतर दक्षिण ५०० मी. भित्र ढुंगा,गिट्टी,वालुवा,ग्राभेल आदि निकाल्न पाउने छैन ।

२३. नदी खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा,गिट्टी,वालुवा,ग्राभेल झिक्न मेसीनरी औजारको पूर्णरुपले वन्देज लगाईएकोछ । कोही कसैले मेसिन प्रयोग गरेको पाईएमा अवश्यक कारवाहीका लागि प्रशासनिक निकायमा पठाउनु पर्नेछ । सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

२४. ठेकेदारले भिजेको चिसो वालुवावाट पानी वगी बाटो विगार्ने भएकाले चिसो वालुवा ढुवानीमा रोक लगाउनुपर्नेछ । ढुंगा,गिट्टी,वालुवा,ग्राभेल छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै ठेकेदारले वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुनेगरी ढुवानीकार्य गर्न लगाउनुपर्नेछ ।

२६. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स,हेल्मेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७. ठेकेदारले पाक्षिक (१५/१५दिनमा) रुपमा संकलन तथा उत्खनन्को परिमाणको लिखित जानकारी नगरकार्यपालिकाको कार्यालयमा अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।ठेकदारले तोकिएको परिमाण भन्दा बढी नदिजन्य पदार्थ संकलन र बेचबिखन गर्न पाउने छैन ।

२८. घाटगद्दी क्षेत्र वाहेक अन्यत्र ढुंगा,गिट्टी,वालुवा,ग्राभेल संकलन गरी सडक तथा सार्वजनिकस्थलमा जम्मा गर्न पूर्णरुपमा वन्देज लगाईएकोछ ।

२९. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण (**IEE)** प्रतिवेदनमा दिईएका राय सुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नैतर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम् व्यहोर्नुपर्नेछ ।

३०. ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्दी स्थल सम्वन्धिका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घन मिटर रु १०६/-( अक्षेरुपी एक सय छ मात्र ) हुनेछ । उक्त रकममा मू.अ.कर थप गरी कर संकलन गर्नुपर्नेछ । मू.अ.कर वाहेकका अन्य कर / दस्तुर तिर्नु पर्ने भएपनि ठेकेदार स्वयंले तिर्नु पर्नेछ।

३१. विहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून वमोजिम कारवाही हुनेछ ।

३२. खोला तथा नदीको घाटगद्दी स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचनापाटी (साईनवोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३३. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेको निर्णय वाहेक यस गौरीगंगा नगरपालिका भित्र भएर वग्ने नदी/ खोलावाट नदिजन्य पदार्थ संकलन/ उत्खनन् गरे वापत नगरपालिकाको बिक्रीकर सबैले तिर्नुपर्नेछ।कसैले नगरपालिकाको विक्रीकर तिर्न अटेर गरेमा कानून अनुसारको कारवाही गरिनेछ ।

३४. नगरपालिकावाट प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरु ठेकेदारले ३/३ महिनामा नगरकार्यपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदिजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदिजन्य पदार्थको उत्खननको परिमाण पनि प्रतिवेदन साथ् पेश गर्नुपर्नेछ ।

३५. नगरकार्यपालिकाको कार्यालयवाट गरिएको **IEE** मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदिजन्य पदार्थ संकलन/उत्खनन् गर्न पाईनेछैन यसरी घाटगद्दी स्थल नतोकिएको स्थानवाट संकलन/ उत्खनन् गरेको पाइएमा जरिमाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

३६. राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्र भित्रवाट नदिजन्य पदार्थ संकलन उत्खनन् गर्न पाईनेछैन ।

३७. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानीनेछन् ।

३८. यस सूचनामा उल्लेख भएका विषय यसै सूचना वमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

हरिदत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान प्रमुख प्रशासकीय अधिकिर्तज्यु,

गौरिगंगा नगर कार्यपालिकाकोकार्यालय,

चौमाला, कैलाली ।

विषय : बोलपत्र फारम पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०७९/०७/१९ मा प्रकाशित सुचनाको सर्त अनुसार काम गर्ने गरि आ. व ०७९/८० को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा गौरीगंगा, चौमाला, शिवगंगा, कान्द्रा, लिक्मा (सेती/मटकौना) नदीको नदिजन्य पदार्थको बिक्रि शुल्क संकलन ठेक्काका लागि तपसिल बमोजिमको रकम कबोल गरेको छु ।

निवेदक

........................

गौरीगङ्गा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चौमाला कैलाली

प्राकृतिक श्रोत उपयोग सम्बन्धि ठेक्का कार्यको टेन्डर फाराम(GGM/GOODS/NCB/01/2079/080)

| सि.नं. | नदिको नाम | कुल संकलन घ.मि | न्यूनतम ठेक्का रकम भ्याट बाहेक | बोल कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| १ | चौमाला नदि, गौरीगंगा नदि, शिवगंगा नदि लिक्मा नदि,कान्द्रा नदि | ११७००० | रु. १,२४,०२,०००/- | | | ५ प्रतिसत कबोल अंक को अन्तिम मिति बाट १२० दिन मान्यता भएको | किस्ता वापतको रकम स्थानिय तह बिभाज्य कोष खाता ७१ **CA-१५००-९८२५२४-०६** मा जम्मा गर्नु पर्ने । |

**फाराम साथ दाखिला गर्नुपर्ने कागजातहरु** :

१.फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाण(नविकरण भएको), स्थायी लेखादर्ता नं. तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, प्रतिलिपिहरु ।

२.टेण्डर फाराम खरिद गरेको रसिद,सक्कल, धरौटीको भौचर वा वैंक ग्यारेन्टी(विडवण्ड) प्रति ।

३.आ.व. ७८/०७९ सम्मको कर चुक्ताप्रमाणपत्र पेश गरेको प्रमाण कागजातको प्रतिलिपी ।

४.अख्तियारिनामा ।
५.अन्य (कुनै थप कुरा वाविबरण भए पेशगर्न सकिने) ।
नोटः- बोलपत्रदाता आफु यस अघि कुनैपनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको घोषणा गर्दछु भनी सहीगर्ने......................

दस्तखत :

फर्म/कम्पनीको नाम/छाप:

प्रोप्राइटर/ अख्तियारि प्राप्त व्यक्ति को नाम :

सम्पर्क नं:

ठेगाना :

# Bid Security

**Bank Guarantee**

***Bank's Name, and Address of Issuing Branch or Office***
***(On Letter head of the Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law )***

Beneficiary: ............................. ***name and address of Employer*** ……………………………………….

Date: ……………………………………………………………………………………………...

Bid Security No.: .........................................................................................................................

We have been informed that . …………. .***[insert name of the Bidder]*** (hereinafter called "the Bidder") intends to submit its bid (hereinafter called "the Bid") to you for the execution of …………... ***name of Contract*** . …………… under Invitation for Bids No. ……………… ("the IFB").

Furthermore, we understand that, according to your conditions, bids must be supported by a bid guarantee. At the request of the Bidder, we…………………. . ***name of Bank***. ……………….. hereby irrevocably undertake to pay you any sum or sums not exceeding in total an amount of . . ………...***amount in figures*** ………………………. (. ………….. .***amount in words*** ……………….) upon receipt by us of your first demand in writing accompanied by a written statement stating that the Bidder is in breach of its obligation(s) under the bid conditions, because the Bidder:

(a) has withdrawn or modifies its Bid:

(i) during the period of bid validity specified by the Bidder on the Letter Bid, in case of electronic submission

(ii) from the period twenty-four hours prior to bid submission deadline up to the period of bid validity specified by the Bidder on the Letter of Bid, in case of hard copy submission; or

(b) does not accept the correction of errors in accordance with the Instructions to Bidders (hereinafter "the ITB"); or

(c) having been notified of the acceptance of its Bid by the Employer during the period of bid validity, (i) fails or refuses to execute the Contract Agreement, or (ii) fails or refuses to furnish the performance security, in accordance with the ITB.

(d) is involved in fraud and corruption in accordance with the ITB

This guarantee will remain in force up to and including the date ………***number***…………days after the deadline for submission of Bids as such deadline is stated in the instructions to Bidders or as it may be extended by the Employer, notice of which extension(s) to the Bank is hereby waived. Any demand in respect of this guarantee should reach the Bank not letter than the above date.

This Bank guarantee shall not be withdrawn or released merely upon return of the original guarantee by the

Bidder unless notified by you for the release of the guarantee.
This guarantee is subject to the Uniform Rules for Demand Guarantees, ICC Publication No. 758.

***. . .Bank's seal and authorized signature(s) . . .***

## Note:

The bid security of ………..……………. has been counter guaranteed by the Bank ……..………... ...…… on …………...  ...……..………. (Applicable for Bid Security of Foreign Banks).

| क.स | खोला | परिमाण |
|---|---|---|
| १ | शिवगंगा | २४७१६.९ |
| २ | चौमाला | २३३९४.८ |
| ३ | लिकमा | १८४६० |
| ४ | कन्द्री | १८५७८.३ |
| ५ | गौरिगंगा | ३१८५० |